कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित
(शेयरमा सिमित दायित्व भएको)

Liberty Energy Company Ltd.
लिवर्टी ईनर्जी कम्पनी लि.

रजिष्टर्ड कार्यालयः काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २९, कालिकास्थान, काठमाण्डौ, नेपाल
फोननं. ०१-४४४३५४५ इमेल:liberty@libertyenergy.com.np वेभसाइटः www.libertyenergy.com.np को

# विवरणपत्र

## (कम्पनी ऐन, २०६३ को दफा २३ तथा धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० अन्तर्गत प्रकाशित)

कम्पनीले आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दा तथा सर्वसाधारणहरुको लागि सार्वजनिक निष्काशनको लागि छुट्याएको आफ्नो जारी पूंजी रु.१,५०,००,००,०००/- (अक्षरेपी एक अर्ब पचास करोड रुपैयाँ मात्र) मध्ये २५% अर्थात रु.३७ करोड ५० लाख रकम बराबर प्रति शेयर रु.१००/– अंकित मुल्यको ३७,५०,००० (सैतिस लाख पचास हजार) कित्ता साधारण शेयर मध्ये धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही १०% अर्थात रु.१५,००,००,०००/– (अक्षरेपी पन्ध्र करोड रुपैया मात्र) रकम बराबरको रु. १००/- अंकित दरको १५,००,००० कित्ता शेयर उद्योग प्रभावित स्थानियबासीको लागि र बांकी रहेको १५% अर्थात रु.२२,५०,००,०००/– (अक्षेरुपी बाईस करोड पचास लाख रुपैया मात्र) रकम बराबरको रु.१००/– अंकित दरको २२,५०,००० कित्ता (कर्मचारीहरुलाई २%अर्थात ४५,००० कित्ता तथा सामूहिक लगानी कोषहरुलाई ५% अर्थात १,१२,५०० कित्ता समेत) सर्वसाधारणहरुमा निष्काशन गरिएको छ ।
उद्योग प्रभावित क्षेत्रमा निष्काशन गर्दा यस कम्पनीको बाताबरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन बमोजिमको अति प्रभावित क्षेत्र लमजुङ्ग जिल्लाको दोर्दी गाँउपालिकाको वडा नं ६ र ७ (तत्कालिन फलेनी र ढोडेनी गा.वि.स.) मा स्थायी बसोबास गर्ने बासिन्दाहरुहरुमा स्थानियलाई छुट्याएको मध्ये ३३.३३% अर्थात ५,००,००० कित्ता, प्रभावित क्षेत्र दोर्दी गाँउपालिकाका बाँकि वडा र वेशिसहर नगरपालिकाको वडा नं ११ मा स्थानियलाई छुट्याएको मध्ये ३३.३३% अर्थात ५,००,००० कित्ता र कम प्रभावित उल्लेखित क्षेत्र बाहेक लमजुङ्ग जिल्लाकासम्पुर्ण बासिन्दाहरुका लागी बाँकी ३३.३३% अर्थात ५,००,००० कित्ता शेयर निष्काशन गरिएको छ ।

दरखास्त साथ प्रति शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको

**कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको बास्तविक तथा प्रक्षेपित प्रतिफल देहाय बमोजिम रहेको छ ।**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.ब.०७३/०७४ | आ.ब.०७४/०७५ | आ.ब.०७५/०७६ | आ.ब.०७६/०७७ | आ.ब.०७७/०७८ | आ.ब.०७८/०७९ |
| प्रति शेयर नेटवर्थ (रु.) | १००.०० | १००.०० | १००.०० | १०५.७४ | ११६.०७ | १२९.१२ |
| प्रति शेयर आम्दानी (रु.) | - | - | – | ५.७४ | १०.३३ | १३.०५ |
| संचित नाफा/नोक्सान रु.हजारमा) | - | - | – | ८६,०७५ | २४१,०८६ | ४३६,७७५ |

## प्रति मेगावाट लागत सम्बन्धी विवरण

संगठित संस्थाद्धारा प्रवर्द्धित आयोजनाको प्रतिमेगावाट लागत निर्माण अवधिको व्याज (IDC) सहित रु. १८,५४,४३,८३७/- (अक्षेरेपी अठार करोड चउन्न लाख त्रिचालिस हजार आठ सय सैतिस रुपैया मात्र)रहेको छ।

## विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्वन्धि विवरण:

विद्युत उत्पादन अनुमतिपत्र वहाल रहने अवधि मिति २०७१/०१/१५ देखि २१०६/०१/१४ सम्म रहेकोले ३० वर्ष बाँकी रहेको छ ।

## लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्वन्धि विवरण

लगानी फिर्ता हुने अवधि (Pay Back Period)८.२० र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period)१६.७७वर्ष रहेको छ ।

## जलविद्युत आयोजनाको कुल लागत:

जलविद्युत आयोजनाको कुलअनुमानित लागत रु.४,६३,६०,९५,९२१.७२ रहेको छ ।

## लगानीमा हुने जोखिमसम्बन्धी उद्घोषण

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ग.८**मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

## नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको हो । यस विवरणपत्रलाई धितोपत्रसम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्रबोर्डले स्वीकृति प्रदान गरेकोछ । यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

## क्रेडिट रेटिङ्ग सम्वन्धी विवरण

यस विवरणपत्र अनुसार सर्वसाधारणहरुमा निष्काशन गरिने साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ माभएको ब्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लिमिटेड, काठमाडौंबाट क्रेडिटरेटिङ्ग गराई "इक्रा एनपि आईपिओ ग्रेड ४" प्रमाणपत्र प्राप्त गरेको छ । इक्रा नेपाल लि. ले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ ।जसमा ग्रेड १ ले बलियो आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ ।"इक्राएनपि आईपिओ ग्रेड ४" ले औसत भन्दाकमजोर (Below Average Fundamental) आधारहरु जनाउँदछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने(Plus) चिन्हले यस समूहकातुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ । सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा २२ (ट) मा उल्लेख गरिएको छ- ग्रेड प्रदान गरेको मिति : मार्च २२, २०१९ ।

## विद्युत नियमन आयोगको पूर्व स्वीकृति सम्बन्धी विवरण

यस निष्काशनलाई विद्युत नियमन आयोगले मिति २०७६/०४/१० गते च.नं. १४ प.सं. ०७६/७७ बाट पूर्व स्वीकृति प्रदान गरेको छ ।

**यस विवरणपत्र मार्फत निष्काशन भएका शेयरहरु मध्ये आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागी बिक्री वितरण गरेको शेयर तथा सर्वसाधारणका लागी निष्काशन गरेको शेयर मध्ये कर्मचारीहरुलाई छुट्याईएको शेयर बाँडफाँड भएको मितिले तीन बर्ष पुरा नभएसम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।**

**नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्रमा स्वीकृति प्राप्त मिति २०७६/११/०८**
**कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता मिति २०७६/११/१४**

**धितोपत्र निष्काशन खुल्ला हुने मिति २०७७/०५/०३**
**धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा) २०७७/०५/०७ (बैंकिङ्ग समय पश्चात)**
**धितोपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा) २०७७/०५/१७ (बैंकिङ्ग समय पश्चात)**

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि.

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:**
**एनआईबिएल एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४

**ख.१.विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा:**

(क) **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ ।

(ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट काठमाण्डौ सम्झनु पर्दछ ।

(ग) **"संगठित संस्था/कम्पनी"** भन्नाले निष्काशनकर्ता कम्पनी लिवर्टी ईनर्जी कम्पनी लिमिटेड सम्झनु पर्दछ ।

(घ) **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्रमा दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरु सम्झनु पर्दछ । सो शव्दले नेपाल धितोपत्र बोर्डको ASBA सेवामा आवद्ध बैंक तथा वित्तिय संस्थाहरुलाई समेत बुझाउंदछ ।

(ङ) **"निष्काशन बैंक"** भन्नाले निष्काशन तथा विक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंक सम्झनु पर्दछ ।

(च) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग, विद्युत नियमन आयोग, विद्युत विकास विभाग तथा नेपाल विद्युत प्राधिकरणलाई सम्झनु पर्दछ ।

(छ) "**संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यबस्थापन"** भन्नाले लिवर्टी ईनर्जी कम्पनी लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यबस्थापन सम्झनु पर्दछ ।

(ज) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

(झ) **"स्थानियवासी"** भन्नाले आयोजना प्रभावित क्षेत्र अर्थात लमजुङ्ग जिल्लामा स्थायी बसोवास गर्ने नेपाली नागरिकलाई जनाउँछ ।

(ञ) **"वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिबर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्वन्धित टिप्पणहरु समेत जनाउँदछ ।

**ख.२.विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान :**

| सि.नं | विवरण पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थान : |
|---|---|
| १ | एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौं र वेबसाइट : www.niblcapital.com |
| २ | लिवर्टी ईनर्जी कम्पनी लिमिटेड,वडा नं.२९, कालिकास्थान, काठमाडौं र website: www. libertyenergy.com.np |

साथै श्री नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट Download गरेर पनि प्राप्त गर्न सकिनेछ ।

| सि.नं. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान : |
|---|---|
| १ | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु । |

**आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने सम्बन्धी थप व्यवस्था :**

नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरुबाट सिआस्वा (C–ASBA) प्रणालीबाट आवेदन दिन असमर्थ स्थानिय आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फाराम लिने व्यवस्था गरिएको छ :

| | |
|---|---|
| १. कैलाश विकास बैंक लि. को भोर्लेटार र सुन्दरबजार शाखा । | २. सेञ्चुरी कमर्सियल बैंक लि.को बेशिसहर शाखा । |
| ३. प्रभु बैंक लि. को बेशिसहर शाखा । | ४. एनएमवी बैंक लि. को बेशिसहर र भोटेओढार शाखा । |
| ५. कामना सेवा बिकास बैंक लि. को सुन्दरबजार शाखा । | ६. एनसीसी बैंक लि. को बेशिसहर र दुईपिप्ले शाखा । |
| ७. सिटिजन बैंक लि. को भोटेओढार शाखा । | ८. सिभिल बैंक लि. को बेशिसहर, भुल्भुले, गौडा, मालिङ र राइनस शाखा । |
| ९. नेपाल एसविआई बैंक लि.को बेशिसहर शाखा । | १०. ग्लोवल आईएमई बैंक लि. को बेशिसहर, सुन्दरबजार, सिउंडीबार, भोर्लेटार, उदिपुर र दोर्दी शाखा । |
| ११. सिद्धार्थ बैंक लि. को बेशिसहर शाखा । | १२. गण्डकी बिकास बैंक लि. को बेशिसहर र भोटेओढार शाखा । |
| १३. कृषि बिकाश बैंक लि. को बेशिसहर, भोटेओढार र भोर्लेटार शाखा । | १४. राष्ट्रिय बाणिज्य बैंक लि. को बेशिसहर शाखा । |
| १५. मुक्तिनाथ बिकास बैंक लि. को बेशिसहर शाखा । | १६. एनआईसी एसिया बैंक लि. को बेशिसहर शाखा र बेशिसहर एक्सटेन्सन काउन्टर । |
| १७. सनराईज बैंक लि. को बेशिसहर र सुन्दरबजार शाखा। | १८. नेपाल बैंक लिमिटेड को बेशिसहर र सुन्दरबजार शाखा । |
| १९. आयोजनाको आयोजना स्थल, दोर्दी गाऊंपालिका-६, किर्तिपुरवेशी, लमजुङमा २ वटा काउन्टर । | |

दरखास्त फाराम तोकिएको संकलन केन्द्रहरुबाट वा एनआईबिएल एस क्यापिटल लिमिटेडको website:www.niblcapital.com र लिवर्टी ईनर्जी कम्पनी लिमिटेडको website: www. libertyenergy.com.np बाट Download गरेर पनि प्राप्त गर्न सकिनेछ।

**ग.१.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग.२.संगठित संस्थाको उद्घोषण :**

**ग.२.क.संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनकालागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेकाछु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख.संगठित संस्थाको जवाफदेहिता सम्बन्धी :**

यस लिवर्टी ईनर्जी कम्पनी लिमिटेडले प्रकाशित गरेको विवरणपत्र,सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.ग.नियमन निकायको नियमन ब्यबस्थाको पालना सम्बन्धी :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत नियमन आयोग, नेपाल विद्युत प्राधिकरण आदी) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं। साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं ।

**ग.२.घ.संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

१. यस कम्पनीको संस्थापक, संचालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख छैनन् ।
३. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश बर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन्।
५.यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृतधितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा प्रमुख कार्यकारी अयोग्य रहेका छैनन् ।

**ग.३. संगठित संस्था सम्बन्धी जानकारी :**

**ग.३.क. संगठित संस्थाको पृष्ठभूमि :**

**(क) संस्थाको नामः** लिवर्टी ईनर्जी कम्पनी लिमिटेड **(Liberty Energy Company Limited)**

**(ख)संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा** :कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(ग)संस्थाको रजिष्टर्ड ठेगानाः** यसकम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्लाका.म.न.पा.वडा नं.२९, कालिकास्थान,काठमाडौंमा रहेकोछ। आवश्यकतानुसार स्वीकृती लिई अन्य स्थानहरुमा पनि रजिष्टर्ड कार्यालय सार्न वाशाखा कार्यालय खोल्न सकिनेछ ।

**(घ) कारोवार गर्ने मुख्य स्थान:** यस कम्पनीको आयोजना स्थल लमजुङ्ग जिल्लाको दोर्दी गाँउपालिका वडा नं ६ मा रहेकोछ।

**(ङ) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु:**

**कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेकोछ :**

१. नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने अभिप्रायले नेपाली निजीक्षेत्रका उद्यमीहरु मिलेर यस लिवर्टी ईनर्जी कम्पनी लिमिटेड, कम्पनी ऐन,२०६३ बमोजिम मिति २०६६ साल मंसिर १५ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०७२/१२/१५ को निर्णय अनुसार प्राइभेट लिमिटेड कम्पनीबाट पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कारोबार संचालन गरी रहेको छ।

२. हाल यस कम्पनीमा ५५६ जना संस्थापक शेयरधनीहरु रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत, बैंक/वित्तीय क्षेत्र,स्वास्थ्य,कृषि, पर्यटन, विमा तथा शैक्षिकक्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

३. यस कम्पनीले लमजुङ्ग जिल्लाको दोर्दी गाँउपालिका (साविकः फलेनी र ढोडेनी गा.वि.स) स्थित दोर्दी खोलामा माथिल्लो दोर्दी ए जलविद्युत आयोजना (२५ मेगावाट) बाट जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप माथिल्लो दोर्दी ए जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन गर्न विद्युत उत्पादनको अनुमति नेपाल सरकार उर्जा मन्त्रालयबाट मिति २०७१/०१/१५ गतेका दिन प्राप्त गरेको हो र उक्त अनुमती पत्र मिति २१०६/०१/१४ गते सम्म बहाल रहनेछ ।

४. यस कम्पनीको प्रवन्धपत्रमा व्यवस्था भए अनुसार संस्थापक शेयरधनीहरुलाई "क" बर्गमा र सर्वसाधारण शेयरधनीहरु (आयोजना प्रभावित जिल्लाबासी स्थानीय सर्वसाधारण, कर्मचारी र अन्य सर्वसाधारणहरु) लाई "ख" वर्गमा विभाजन गरिएको छ । जसमध्ये जारी पूँजीको ७५%शेयर "क" बर्गका संस्थापक शेयरधनी तथा २५%"ख" वर्गका सर्वसाधारणहरु भनी विभाजन गरिएको छ । जारी पुंजी मध्ये १०% प्रतिशत उद्योग प्रभावित क्षेत्रका लागि छुट्याईएको छ । उद्योग प्रभावित क्षेत्रमा निष्काशन गर्दा यस कम्पनीको बाताबरणीय प्रभाव मुल्याङ्कन प्रतिबेदन बमोजिमको अति प्रभावित क्षेत्र लमजुङ्ग जिल्लाको दोर्दी गाँउपालिकाको वडा नं ६ र ७ ( तत्कालिन फलेनी र ढोडेनी गा.वि.स.) मा स्थायी बसोबास गर्ने बासिन्दाहरुहरुमा स्थानियलाई छुट्याएको मध्ये ३३.३३% अर्थात ५,००,००० कित्ता, प्रभावित क्षेत्र दोर्दी गाँउपालिकाका बाँकि वडा र वेशिसहर नगरपालिकाको वडा नं ११ मा स्थानियलाई छुट्याएको मध्ये ३३.३३% अर्थात ५,००,००० कित्ता र कम प्रभावित उल्लेखित क्षेत्र बाहेक लमजुङ्ग जिल्लाका सम्पुर्ण बासिन्दाहरुका लागी बाँकी ३३.३३%अर्थात ५,००,००० कित्ता शेयर निष्काशन तथा बिक्री गरी बाँडफाँट गर्ने व्यवस्था रहेको छ ।

यसरी छुट्याईएको क्षेत्रहरु मध्ये लमजुङ्ग जिल्लाको दोर्दी गाँउपालिकाको वडा नं ६ र ७ (तत्कालिन फलेनी र ढोडेनी गा.वि.स.) बाट माग बमोजिमको दरखास्त प्राप्त नभएमा दोर्दी गाँउपालिकाका बाँकि सम्पूर्ण वडाबासी र वेशिसहर नगरपालिकाको वडा नं ११ का स्थानीय बासीन्दाहरुलाई र सो क्षेत्रका स्थानियहरुबाट पनि माग बमोजिम दरखास्त प्राप्त नभएमा लमजुङ्ग जिल्लाका सम्पुर्ण बासिन्दाहरुमा शेयर बांडफांट गरिनेछ ।

५. धितोपत्र दर्ता तथा निष्काशन नियमावलीमा भएको व्यवस्था बमोजिम उद्योग प्रभावित क्षेत्र (आयोजना प्रभावित क्षेत्र)का बासिन्दाहरुलाई छुट्टयाइएको जारी पूँजी मध्येको १०%साधारण शेयर निष्काशन तथा बिक्री गरीबाँडफाँट गरे पश्चात मात्र सर्वसाधारणको लागी छुट्टयाइएको जारी पूँजी मध्येको१५%साधारण शेयरहरुको सार्वजनिक निष्काशन गरिनेछ ।

६. कम्पनीले पहिचान गरी विकास निर्माण गरेको लमजुङ्ग जिल्लाको फलेनी र ढोडेनी गाऊंपालिका स्थित दोर्दी खोलामा २५ मेगावाट क्षमताको माथिल्लो दोर्दी ए जलविद्युत आयोजनाको निर्माण कार्य अन्तिम चरणमा रहेको र उक्त निर्माण कार्य २०७६ चैत्र महिनामा सम्पन्न गरी२०७६ चैत्र३०गते देखि बिद्युत उत्पादन गर्ने लक्ष्य कम्पनीको रहेको छ । साथै निर्माणाधिन आयोजनाको कुल लागत करिब रु.४,६३,६०,९५,९२१.७२/- हुने अनुमान गरिएको छ । उक्त आयोजनाको प्रति मेगावाट उत्पादन लागत करिव रु १८.५४ करोड रहेको छ भने लगानी फिर्ता हुने अवधि (Pay Back Period)८.२०बर्षको, IRR 13.11%र NPV६१,९२,७५,६५०/-रहेको छ ।

७. संगठित संस्थाको माथिल्लो दोर्दी "ए" जलविद्युत आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छः

विद्युत परियोजनाको नामः माथिल्लो दोर्दी "ए" जलविद्युत आयोजना

विद्युत गृह स्थलः लमजुङ जिल्ला उदिपुर बजारबाट १८ कि.मि. को दुरीमा अवस्थित छ । आयोजनाको सम्पूर्ण संरचना लमजुङ जिल्लाको साविक ढोडेनी र फलेनी गा.वि.स.हरु पर्दछन् । उक्त क्षेत्र हाल दोर्दी गाँउपालिका वडा नं. ६ र ७ मा पर्दछ ।

श्रोत नदीः दोर्दी खोलाहिमनदीको पानी ।

आयोजनाको किसिम : रन अफ रिभर

विद्युत उत्पादन अनुमति प्राप्त मितिः २०७१/०१/१५

विद्युत उत्पादन अनुमति वहाल रहने मितिः २१०६/०१/१४

उत्पादन हुने सम्भावित मिति: २०७६/१२/३०
जडित क्षमता: २५ मेगावाट
आयोजनाको कुल लागत:रु. ४,६३,६०,९५,९२१/७२
आयोजनाको प्रति मेगावाट लागत: रु.१८.५४ करोड
आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि: ८.२० वर्ष
आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि: १६.७७ वर्ष
Net Present Value (NPV):-६१,९२,७५,६५०।००
Internal Rate of Return: १३.११%
NPV तथा IRR गणना गर्दा Cash Flow Basis विधि अनुरुप गणना गरिएको छ ।

८. यस संगठित संस्थालेउल्लेखित जलविद्युत आयोजना बाहेक अन्य दुई जलविद्युत आयोजनाहरुको समेत सर्भेक्षण अनुमति प्राप्त गरी हाल सर्भेक्षण, अध्ययन लगायतका कार्यहरु अघि बढाइरहेको छ ।

| सि.नं. | आयोजनाको नाम | स्थान | क्षमता | सर्भेक्षण अनुमतिपत्र प्राप्त मिति |
|---|---|---|---|---|
| १ | बडिगाडखोला जलविद्युत आयोजना | बाग्लुङ | २४.६ मे.वा | २०७३/०९/१४ |
| २ | लोदोखोला साना जलविद्युत आयोजना | लमजुङ | १.६ मे.वा | २०७४/०२/२६ |

९. कम्पनीले निर्माण गरिरहेको माथिल्लो दोर्दी ए जलविद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युतशक्ति एकमुष्ठ नेपाल विद्युतप्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरणबीच २०६९साल आश्विन २ गते विद्युत खरीदबिक्री सम्झौता समेतसम्पन्न भैसकेको छ । उक्तसम्झौताको पाँचौसंशोधन मिति २०७६ साल आश्विन१३ गते भएको छ। विद्युत खरीदबिक्री सम्झौताआयोजनाले व्यापारिक उत्पादन शुरू गरेको मितिदेखि ३० (तीस) बर्षवा Generation Licenseको अवधि मध्ये जुन घटि छ सो समय सम्म कायम रहनेछ । सम्झौताको अवधि समाप्त हुनु ६ (छ) महिना अघि देखि छलफल सुरु गरि दुवै पक्षको सहमतिमा सम्झौताको अवधि थप गर्न सकिनेछ ।

१०. कम्पनी र नेपाल विद्युत प्राधिकरणबीच सम्पन्न विद्युत खरिद-बिक्रीसम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्नबमोजिम रहेका छन् :

१०.१.माथिल्लो दोर्दी ए जलविद्युत आयोजनाबाट वार्षिक १३६,७८४,८६९ किलोवाट घण्टा विद्युत उत्पादन हुने तथा विक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ। आयोजनाको शुरुमा २२,००० किलोवाट क्षमताको लागी विद्युत खरिद बिक्रि सम्झौता भएकोमा पछि क्षमता ३,००० किलोवाट बृद्धि भई जम्मा आयोजनाको क्षमता २५,००० किलोवाट भए अनुसार विद्युत खरिद बिक्रि सम्झौताको विभिन्न मितिमा संशोधन भएको छ । २५,००० किलोवाट क्षमताको यस आयोजनाको विद्युत खरिद बिक्रि मुल्य वर्षायामका आठ महिनाको लागि रु.४/८०प्रति किलोवाट घण्टा र सुख्खायामका चार महिनाका लागी रु.८/४० प्रति किलोवाट घण्टा निर्धारण गरिएको छ ।

१०.२.प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मिति देखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरि उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको उर्जा खरिद बापत वर्षायाममाप्रति किलोवाट घण्टा रु.४।८० (चार रुपैंया असी पैसा मात्र) र सुख्खायाममा प्रति किलोवाट घण्टा रु.८।४० (आठ रुपैंया चालिस पैसा मात्र)विद्युत खरिद दरले हुन आउने रकम कम्पनी वा सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तिय संस्थालाई बुझाउने छ । साथै व्यापारिक उत्पादन सुरु हुने मितिबाट एक वर्ष पुगेको महिनाको लगतै पछिको महिना देखि लागु हुने गरी प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले पाँच पटकसम्मसाधारण मुल्यबृद्धिदिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिददर कायम गरिएको छ ।

| **अवधि (व्यापारिक उत्पादन सुरु हुने मिति (COD) कायम भएको महिना लगतै पछिको महिनालाई पहिलो महिना मानि अवधि गणना हुने गरी )** | **सुख्खायाम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट)** | **वर्षा याम (वैशाख देखि मार्ग सम्म) (रु. प्रति युनिट)** |
|---|---|---|
| पहिलो महिना देखि १२ औ महिनासम्म | ८।४० | ४।८० |
| १३ औ महिना देखि २४ औ महिनासम्म | ८।६५ | ४।९४ |
| २५ औ महिना देखि ३६ औ महिनासम्म | ८।९० | ५।०८ |
| ३७ औ महिना देखि ४८ औ महिनासम्म | ९।१६ | ५।२३ |
| ४९ औ महिना देखि ६० औ महिनासम्म | ९।४१ | ५।३८ |
| ६१ औ महिना देखि सम्झौता अवधि सम्म | ९।६६ | ५।५२ |

१०.३.नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा **(Excess Energy)** को हकमा विद्युत खरिद बिक्री सम्झौताको दफा१२.२ अनुसारदफा१२.१ (ख)मा उल्लेख भएको खरिद दरको ५०%(पचास प्रतिशत) दरमा कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ।

१०.४ कुल कन्ट्याक्ट इनर्जी वा Availability Declarationको आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (असी) प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपुर्ति गर्नु पर्नेछ । प्राधिकरणको कारण वा Scheduled Outageवा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत उर्जा कम्पनीले आपुर्ति गर्न नसकेमा वा नगरेमा निम्न Caseहरुमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपुर्ति स्वरुप रकम भुक्तानी गर्नुपर्नेछ ।

Case I: Availability Declarationको आधारमा हुन आउने मासिक उर्जा कुल कन्ट्रयाक्ट इनर्जी बराबर भएमा
क) यदि ( ME + TSFE)≤0.8 x CEभएमा
क्षतिपुर्ति रकम रु= (0.8xCE-ME-TSFE) xदफा १२.१ (क) को विद्युत उर्जा खरीद दर+ (0.8 x ACE) xदफा १२.१ (ख) को वित उर्जा खरीद दर
ख) यहि(ME +TSFE)> 0.8 *CEतर<0.8 x TCEभएमा
क्षतिपुर्ति रकम रु. = + (0.8 x TCE-ME-TSFE) xदफा १२.१ (ख) को विद्यु उर्जा खरीद दर

Case II: Availability Declarationको आधारमा हुन आउने मासिक उर्जा कन्ट्रयाक्ट इनर्जी भन्दा बढी भएमा
क) यदि(ME +TSFE)≤ 0.8 xCEभएमा
क्षतिपुर्ति रकम रु.=(0.8xCE -ME-TSFE) xदफा १२.१ (क) को विद्युत उर्जा खरिद दर+ 0.8 x(AD-CE) xदफा १२.१ (ख) को विद्युत उर्जा खरीद दर
ख) यदि (ME+TSFE) > 0.8 xCEतर0.8 xADभएमा
क्षतिपुर्ति रकम रु. = (0.8 x AD-ME-TSFE) xदफा १२.१ (ख) को विद्युतउर्जा खरीद दर

Case III:यदिAvailabiity Declarationको आधारमा हुन आउने मासिक उर्जा कन्ट्रयाक्ट इनर्जी भन्दा कम भएमा
क्षतिपुर्ति रकम रु.= (0.8 xAD-ME-TSFE)xदफा १२.१ (क) को विद्युत उर्जा खरिद दर :
जहाँ,
ME= कम्पनीले उपलब्ध गराएको मासिक उर्जा (Metered Energy)
CE= कन्ट्रयाक्ट इनर्जी) (Contract Energy)
TSFE= प्राधिकरणको कारणले वा Schedule Outageवा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा
TCE= कुल कन्ट्रयाक्ट इनर्जी(Total Contract Energy)
ACE= थप कन्ट्रयाक्ट इनर्जी(Additional Contract Energy)
AD= Availabiity Declarationको आधारमा हुन आउने मासिक उर्जा
यसरी हिसाब गर्दा क्षतिपुर्ति रकम ऋणात्मक भएमा क्षतिपुर्ति रकम शुन्य मानिनेछ ।
क्षतिपुर्ति रकम बील रकम भन्दा बढी भएमा बील रकम भन्दा बढी भएको क्षतिपुर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्न पर्ने छैन । कम्पनीले तिनु पर्ने क्षतिपुर्ति रकम प्राधिकरणले बिलको भुक्तानी दिदाँ कट्टा गर्न सक्नेछ ।
१०.५.कम्पनीले जलविद्युत आयोजनामा जडित मेशिन औजारहरू तथा अन्य उपकरणहरुको पुनर्स्थापना मूल्यभन्दा कम नहुने गरी र प्रचलित कानून बमोजिम गर्नुपर्ने सबै प्रकारका बीमाहरू गर्नेछ ।

**परियोजनाको हालको अवस्था : यो प्रस्ताव तयार पार्दा (२०७६ पौष मसान्त) सम्म आयोजनाको औषत ९६% कार्य सम्पन्न भई सकेको छ, जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।**

**आयोजनको विभिन्न कार्यहरुको प्रगति विवरण तालिका**

| | विवरण | कार्य प्रगति | प्रतिशत |
|---|---|---|---|
| १ | अध्ययन, पिपिए तथा वित्तिय व्यवस्थापन | सम्पन्न | १०० |
| २ | आधारभूत निर्माण कार्य: | | |
| | प्रवेश मार्ग निर्माण | सम्पन्न | १०० |
| | कन्ट्रक्सन पावर | सम्पन्न | १०० |
| | कम्पनीको आवास तथा अफिस गृह लगायत आधारभूत सिभिल संरचना निर्माण | सम्पन्न | १०० |
| ३ | सिभिल निर्माण कार्य : | | |
| | बाँध, डिसेन्डर तथा गेट संरचनाहरु | निर्माण कार्य अन्तिम चरणमा | ९४ |
| | सिभिल कार्य | " | ९४ |
| | हेडरेस टनेल निर्माण | " | ९६ |
| | सर्ज साफ्ट निर्माण | " | १०० |
| | पेनस्टक पाइपको लागि सिभिल निर्माण कार्य | " | ९९ |
| | विद्युत गृह तथा निकास नहर | " | ९९ |

| | | | |
|---|---|---|---|
| | स्वीचयार्डको सिभिल निर्माण कार्य | " | ९० |
| ४ | हाइड्रो मेकानिकल कार्य : | | |
| | पेनस्टक पाइपको स्टिल प्लेट खरिद तथा ढुवानी | सम्पन्न | १०० |
| | बाँध जडान गरिने गेटको निर्माण तथा ढुवानी | निर्माण कार्य अन्तिम चरणमा | ९० |
| | वाइफर्केशन तथा एकपान्सन ज्वाइनको निर्माण तथा ढुवानी | सम्पन्न | १०० |
| | पेनस्टक पाइप जडान | निर्माण कार्य अन्तिम चरणमा | ९९ |
| | गेट जडान | " | ९० |
| | वाइफर्केशन तथा ज्वाइन्ट जडान | सम्पन्न | १०० |
| ५ | इलेक्ट्रोमेकनिकल कार्य : | | |
| | मेशिन तथा उपकरण खरिद तथा ढुवानी | उपकरणहरु आयोजना स्थल पुराउने कार्य भैसकेको | ९८ |
| | विद्युत गृहमा केन जडान | सम्पन्न | १०० |
| | विद्युत गृह-उपकरण जडान | चालु रहेको | ८५ |
| ६ | १३२ के.भि. प्रसारण लाइन सम्बन्धी कार्य (सब-स्टेशन सँगै भएकोले प्रसारण लाईन आवश्यक नपर्ने) | | |
| | स्विचयार्ड निर्माण कार्य | निर्माण कार्य अन्तिम चरणमा | ९० |
| ७ | जग्गा प्राप्ती र सामाजिक तथा वातावरणीयप्रभाव न्यूनीकरण सम्बन्धी कार्य | सम्पन्न | १०० |
| | **आयोजनाको कुल प्रगति प्रतिशत** | | **९६** |
| | व्यवसायिक उत्पादन गर्नुपर्ने मिति (RCOD) | २०७६।१२।३० | |
| | सम्भाव्य व्यवसायिक उत्पादन मिति (Expected COD) | २०७६।१२।३० | |

**कम्पनीको प्रबन्धपत्रको दफा ४ (१)मा उल्लेख भए अनुसार यस कम्पनीको उद्देश्य देहायबमोजिम हुनेछ :**

क) **विद्युत आयोजनाको सम्भाव्यता अध्ययन गर्ने:**
विद्युतसंग सम्बन्धीत आयोजनाहरुको पहिचान गरी नेपाल सरकारसंग अनुमती लिई पूर्व संभाव्यता अध्ययन, वातावरण प्रभावको मुल्यांकन (EIA), Detail Project Report (DPR) समेत तयार गरी विद्युत खरिद सम्मको सेवा दिने ।

ख) **विद्युत आयोजनाहरु तथा प्रशारण लाईन निर्माण सञ्चालन तथा हस्तान्तरण गर्ने :**
नेपाल सरकारको अनुमती प्राप्त गरी विद्युत आयोजनाहरु तथा प्रशारण लाईन निर्माण गर्ने, संचालन गर्ने र नेपाल सरकारलाई सम्झौता बमोजिम निश्चित समायावधि पछि हस्तान्तरण गर्ने, सो कार्यको लागि विद्युत खरिदकर्तासंग खरिद सम्झौता (PPA)गरी उत्पादित विद्युत विक्री वितरण गर्ने ।

ग) **विद्युत गृह लिजमा लिने वा खरिद गरी सञ्चालन गर्ने:**
हाल संचालनमा रहेका साथै निर्माणाधिन विद्युत गृहहरुलाई खरिद गर्ने वा लिजमा लिई संचालन गर्ने र उत्पादित विद्युत बिक्री वितरण गर्ने ।

घ) विद्युत उत्पादन सम्बन्धी प्रविधि हस्तान्तरणको निमित्त अनुभवी एवं ख्यातिप्राप्त अन्तराष्ट्रिय कम्पनीहरुसंग मैत्रीपूर्ण सम्बन्ध स्थापना गरी कम्पनीलाई हित हुने विषयहरुमा सम्झौतागर्ने, विचारको आदान प्रदान गर्ने, सभा सेमिनारको आयोजनागर्ने, तालिम प्रशिक्षण संचालन गर्ने तथा देशमा विद्युत शक्तिको विकास गर्नका लागि आवश्यक दक्ष जनशक्ती तयार गर्ने र आवश्यक परेमा यसका लागि विदेशी विशेषज्ञ बोलाउने वा आवश्यकता अनुसार विषय विशेषज्ञताका लागि स्वदेशी जनशक्तीलाई विदेशमा तालिममा पठाउने ।

ङ) निर्माणाधिन वा वन्द भएको आयोजना संचालन गर्ने, लिजमा लिने, मर्मत सम्भार आदी गर्ने ।

च) स्वीकृती लिई विद्युत उत्पादनमा संलग्न हुन चाहने विदेशी कम्पनीहरुसंग संयुक्त लगानी (Joint Venture) मा विद्युत उत्पादनका परियोजनाहरु संचालन गर्ने वा त्यस्ता कम्पनीको स्थानिय प्रतिनिधी (Local Agent) भई कार्य गर्ने ।

छ) विद्युत आयोजनास्थलसम्म पुग्ने मोटर बाटो अन्य पूर्वाधार र वातावरण संरक्षण सम्बन्धी कार्य गर्ने ।

ज) उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्ने वा सोझै उपभोक्तालाई बिक्री गर्ने ।

झ) नेपाल सरकारको स्वीकृती लिई विद्युत विदेशीलाई बिक्री गर्ने ।

ञ) ट्रान्सफर्मर लगायत विद्युत सम्बन्धी आवश्यक सामानहरुको उत्पादन तथा बिक्री वितरण गर्ने ।

ट) सौर्य उर्जा र बैकल्पिक उर्जाका सम्बन्धमा नयां खोज एवं अनुसन्धान र उत्पादन गर्ने ।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको ।

**(छ) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु:**जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने।

(२) **प्रयोग भएको वा गरिने प्रविधि** :जलस्रोतको प्रयोगबाट विद्युत उत्पादन गर्ने ।

(३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार** :सो नभएको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्रः** आयोजनाबाट उत्पादितविद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्ने ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना:**थप नयाँ जलविद्युत आयोजनाहरुको बिकास गर्ने । हाल संगठित संस्थाले थप दुई जलविद्युत आयोजनाहरुको सर्भेक्षण अनुमतिपत्र प्राप्त गरि सर्भेक्षणको कार्य गरिरहेको ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका:**कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्यतु प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरी राष्ट्रिय प्रसारण लाइन मार्फत बिक्री वितरण गर्ने व्यवस्था मिलाईएको छ भने कम्पनीको प्रमुख बजार नेपाल राज्यभर रहनेछ।

(७) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति:**माथिल्लो दोर्दी ए जलविद्युत आयोजनाको उत्पादन क्षमता २५ मेगावाट रहेको र उक्त विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई आपूर्ति गरिनेछ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता:**लमजुङ्ग जिल्लाको फलेनी र ढोडेनी गाऊंपालिका स्थित दोर्दी खोलाको प्राकृतिक बहावमा आधारित पानी । उक्त खोलाको मुख्य स्रोत बुद्ध हिमाल रहेको ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था:**जलविद्युत संरचना र विद्युत उपकरणहरुले तोकिए बमोजिमको मात्रामा विद्युत उत्पादन गर्न उपयुक्त अवस्थामा रहे नरहेको परिक्षणका लागि आवश्यक यान्त्रिक उपकरणहरुको व्यवस्था गरिएको ।

(१०) **अनुसन्धान तथा विकासः** जलविद्युत आयोजनाबाट कसरी नियमित रुपमा तोकिए बमोजिमको विद्युत उत्पादन गर्ने, जडान भएका साधनहरुलाई कसरी टिकाउ बनाउन सकिन्छ भन्ने विषयमा अध्ययन विश्लेषण एवं विकासका लागि आवश्यक कार्यहरु भइरहेको ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान:**गत साउन ८ गते दोर्दी खोलामा आएको भीषण बाढीको कारण सामान्य क्षती हुन गई संरचना निर्माणमा केही समय लाग्ने तथा नेपाल बिद्युत प्राधिकरणले निर्माण गर्नु पर्ने ट्रान्समिसन लाइन समयमा सम्पन्न नहुने भएकोले आयोजनाको RCODमिति २०७६/१२/३० सम्म रहने गरी संसोधन गरिएको ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण:**सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति:**माथिल्लो दोर्दी ए जलविद्युत आयोजनाको कुल विद्युत उत्पादन क्षमता२५ मेगावाट (वार्षिक करिब १३७ गि.आ.) रहेकोहुँदा यस आयोजनाले बजारको सानो अंशलाई मात्र परिपूर्ति गर्नेछ ।

हाल देशमा कुल विद्युत उपलब्धता ७,५५१.२३ गिगावाट आवर रहेकोमा उक्त क्षमता मध्ये २,८१३.०७ ( ३७.२५%) विद्युत भारतबाट आयात गरी आपुर्ति भइरहेको छ । साथै आगामी वर्ष करिब १०,१३८.२८ गि.आ. विद्युत माग भई प्रत्येक वर्ष माग वृद्धि हुदै जाने देखिएको छ । यस तथ्यांकबाट यस कम्पनीबाट उत्पादित विद्युत शक्तीको माग बजारमा रहेको कुरा प्रस्ट देखिन्छ । (श्रोतः नेपाल विद्युत प्राधिकरणको वार्षिक प्रतिवेदन २०१८/१९)

अतः ठूलो परिमाणमा उर्जाको माग भैरहेको हुँदा बर्तमान अवस्थामा विद्युत उत्पादन गर्न सकेमा उक्त विद्युत बिक्री गर्नबजारको कुनै समस्या नरहेको । जलविद्युत आयोजनाको लागी कच्चा पदार्थको खोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरण सँग सम्झौता गरी बिक्री गर्न सकिने हुँदा नेपाली लगानीकर्ताको लागी योलाभदायक र उपयुक्त क्षेत्र रहेको छ ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण** :कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएकोले प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेकोछ ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भरछ भने त्तसम्बन्धी विवरण)** :जलविद्युत केन्द्रमा जडित उपकरणहरुको **Spare Parts**को लागिAndritz Hydro Pvt. Ltd.र Neon Energy Pvt.Ltd.ले आपूर्ति गर्ने गरि सम्झौता गरिएकोछ ।

**ग.३.ख. सम्पत्तिको विवरण :**

(क) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था:**कम्पनीको स्वामित्वमा दोर्दी खोलामा रहेको प्लाण्ट तथा उपकरणहरु ढोडेनी गाउंपालिकाको किर्तिपुर गाऊंको नजिकमा रहेको विद्युतगृह र सव स्टेशनमा जडान भई संचालनमा आउने अन्तिम चरणमा रहेकोछ । हालसम्म कम्पनीको नाममा सृजना भै सकेको चलअचल सम्पतिको विवरण देहाय बमोजिम रहेकोछ:

| विवरण | २०७६पौष मसान्त | सम्पति रहेको स्थान | सम्पतिको अवस्था |
|---|---|---|---|

| | सम्मको जम्मा | | |
|---|---|---|---|
| **स्थिर सम्पति** | | | |
| कार्यालय सामाग्री | ११,६५,३८५।९९ | रजिष्टर्ड कार्यालय, काठमाण्डौ र लमजुङ जिल्ला स्थित आयोजना स्थल | हाल चालु अवस्थामा रहेको । |
| फर्निचर तथा फिक्चर्स | ४,०२,४२०।०८ | | हाल चालु अवस्थामा रहेको । |
| सवारी साधन | १,४८,७७,६२६।७५ | | हाल चालु अवस्थामा रहेको । |
| अदृश्य सम्पति | ४६,१४३।७१ | | हाल चालु अवस्थामा रहेको । |
| अन्य सम्पति | ५,०००/- | | हाल चालु अवस्थामा रहेको । |
| **निर्माणधिन परियोजना खर्च** | | | |
| १. माथिल्लो दोर्दी "ए" जलविद्युत आयोजना | | | |
| - जग्गा | ११,२६,४२,२०८/१३ | लमजुङ जिल्ला स्थित आयोजना स्थल | - |
| - निर्माण खर्च | ४,१०,९८,३६,३१२।४२ | | निर्माणाधिन |
| २. बडिगाढ खोला जलविद्युत आयोजनामा लगानी | ३,०१,५९,७८७।६० | बाग्लुङ जिल्ला स्थित आयोजना स्थल | सर्भेक्षण कार्य जारी रहेको |
| ३. लोदोखोला साना जलविद्युत आयोजनामा लगानी | ८४,०१,५२५।०० | लमजुङ जिल्ला स्थित आयोजना स्थल | सर्भेक्षण कार्य जारी रहेको |
| **कुल सम्पति रु.** | **४,२७,७५,३६,४०९।६८** | | |

*माथी उल्लेखित उपकरण तथा सम्पत्तिको विवरण संलग्न लेखापरिक्षकद्धारा प्रमाणित कम्पनीको २०७६ पौष मसान्त सम्मको अर्धवार्षिक प्रतिवेदनबाट साभार गरिएको छ ।*

(ख) **बूँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने:**आफ्नै सम्पति ।

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण** :कम्पनीको स्वामित्वमा रहेको जग्गाहरु आयोजना संचालन तथा निर्माणको लागि लिएको कर्जाको लागि अगुवाई बैक, नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड,दरवारमार्ग, काठमाडौ र सह वित्तियकरण सम्झौतामा सहभागी अन्य बैंक तथा वित्तिय संस्थाहरु समेतको नाममा धितो रहेकोछ ।

(घ) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण** :कम्पनीको सम्पत्तीहरुको मुल्य परलमोलमा नै राखिएको र पूनर्मुल्याङ्कन गरिएको छैन ।

(ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण**:लागु नहुने ।

**ग.३.ग. भावी योजना तथा रणनीति :**

**(क)व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीती :**

(१) कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीकोरुपमा स्थापित गर्नु रहेकोछ ।

(२)नयाँ जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी अन्य जलविद्युत आयोजनाहरु समेतनिर्माण गर्ने ।

(३) कम्पनीले सरकारी निकायहरुसँग भएको सम्झौता बमोजिम देशमा रहेको जलश्रोतको अधिकतम उपयोग गरी विद्युत उत्पादन गर्ने र सो लाई नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरी देशमा बढिरहेको विद्युतको मागलाई केही हदसम्म टेवा दिन कम्पनी प्रतिबद्ध रहेकोछ ।

(४)कम्पनीले आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रूपमा सम्भाब्य देखिएको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने।

(५)कम्पनीको निर्माणधिन माथिल्लो दोर्दी "ए" जलविद्युत आयोजना निर्माण सम्पन्न हुने क्रममा रहेकोले सो देखि बाहेक बडिगाड खोला जलबिद्युत आयोजना र लोदो खोला साना जलविद्युत आयोजनाको सर्वेक्षण लगायतका सम्बन्धीत निकायहरुबाट लिनुपर्ने अनुमतीहरु लिने कार्य भईरहेकोले यसमा समेत लगानी गर्ने योजना रहेको छ ।

**(ख)प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**

देशमा माग बमोजिम विद्युत आपूर्तिको कमि रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैमा सह्रानिय काम भएको र विद्युत उत्पादन हुनु आगवै विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योग संग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुनेछ । नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा विद्युतको माग र पूर्ति बीचकम रहेको अन्तरको कारण नेपाली जनताहरुले सुलभ दरमा विद्युत उपभोग गर्न पाएका छैनन् । जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके विद्युतिय गाडी लगायत विद्युतिय सामाग्रीहरुको उपयोगले ग्यास, पेट्रोल लगायतका आयात जन्य इन्धनहरु कम खपत भई नेपालको ठुलो रकम

विदेशिने क्रम घटनुको साथै छिमेकी मुलुकहरुमा समेत निर्यात गर्न सकिन्छ । त्यसैले हालको अवस्थामा यस व्यवसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुन सक्ने सम्भावना ज्यादै न्यून रहेकोछ । यसर्थ कम्पनीले आफ्नो व्यवसायको निरन्तरताका लागि अगाडी बढाएका जलविद्युत आयोजनाहरुको निर्माण र अन्य आयोजनाहरुको पहिचान तथा विकास गर्दा अन्य बस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन ।

**ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

कम्पनीको नियमावलीको नियम २७(२) मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| समूह “क” शेयरधनीहरूबाट मनोनित वा निर्वाचित सञ्चालकहरू | ५ जना |
| समूह “ख” अन्तर्गतका सर्वसाधारण समूहका शेयरधनीहरूबाट निर्वाचित सञ्चालकहरू | १ जना |
| व्यवसायिक विशेषज्ञबाट सञ्चालक | १ जना |
| **जम्मा** | **७ जना** |

कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालकहुनको लागि कम्पनीको कम्तीमा १००(एक सय)कित्ता शेयरआफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ ।तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

सञ्चालकहरुको योग्यता सहितको विवरण देहाय बमोजिम रहेको छ:

| क्र.सं. | संचालकको नाम | ठेगाना | योग्यता |
|---|---|---|---|
| १ | कुशकुमार जोशी | चैनपुर-२, संखुवासभा | वि.ई |
| २ | डा. आत्माराम घिमिरे | झरुवारासी-३, ललितपुर | पि.एच.डि |
| ३ | सुशिल थापा | अर्खले-६, गुल्मी | वि.एस.सि. |
| ४ | राम बहादुर पाण्डे | वसन्तपुर-८, तनहुँ | वि.वि.एस |
| ५ | राजेन्द्र वस्ती | उदीपुर-२, लमजुङ | एम.ए. |

**ग.४. पुंजी संरचना सम्बन्धी जानकारी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्वन्धी विवरण :**

**अधिकृत पुँजी:**कम्पनीको अधिकृत पूँजी रु.१,५०,००,००,०००/- (अक्षरुपीएक अर्व पचास करोड रुपैंया) हुनेछ ।सो पूँजीलाई प्रति शेयर रु.१००/–का दरले १,५०,००,००० थान शेयरमा बिभाजन गरिएको छ ।

**जारी पुँजी:**कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु.१,५०,००,००,०००/- (अक्षरेपी एक अर्व पचास करोड रुपैंया) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००/–का दरले १,५०,००,००० थान शेयरमा बिभाजन गरिएको छ ।

**चुक्ता पुँजी:**कम्पनीको चुक्ता पूँजी रु.१,५०,००,००,०००/- (अक्षेरुपी एक अर्व पचास करोड रुपैंया) हुनेछ । सो मध्ये रु.१,१२,५०,००,०००/- (एक अर्व बाह्र करोड पचास लाख मात्र) संस्थापक तथा रु.३७,५०,००,०००/- (सैतिस करोड पचास लाख मात्र) सर्वसाधारणमा छुट्याईएको छ । सर्वसाधारणमा शेयर निष्काशन पश्चात यो समूहको शेयर चुक्ता हुनेछ ।

**कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पुँजीमा निम्न बमोजिम परिवर्तन भएको छ ।**

| आर्थिक बर्ष | अधिकृत पूँजी (रु.) | जारी पूँजी (रु.) | चुक्ता पूँजी (रु.) | कैफियत |
|---|---|---|---|---|
| **०७२/७३** | १,२०,००,००,०००/- | १,२०,००,००,०००/- | ५४,६३,८०,०००/- | २०७३/०२/३० मा कम्पनी रजिष्ट्रारको कार्यालयमा भएको अभिलेख बमोजिम । |
| **०७३/७४** | १,२०,००,००,०००/- | १,२०,००,००,०००/- | ७०,६५,८०,०००/- | २०७४/०३/२९ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा भएको अभिलेख बमोजिम । |
| **०७५/७६** | १,५०,००,००,०००/- | १,५०,००,००,०००/- | ९४,०५,५५,०००/- | २०७५/१०/२२ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा भएको अभिलेख बमोजिम । |
| **०७६/७७** | १,५०,००,००,०००/- | १,५०,००,००,०००/- | १,१२,५०,००,०००/- | २०७६/०४/०१ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा भएको अभिलेख बमोजिम । |

**(ख) निष्काशन पछिको चुक्ता पुँजी(समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

कम्पनीको प्रबन्धपत्रको दफा ६मा उल्लेख भए अनुसार स्थानीय तथा सर्वसाधारणहरुमा साधारणशेयरनिष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने कम्पनीको चुक्ता पूजीको संरचना देहाय बमोजिम रहेकोछ :

| क्र.सं. | शेयरधनीहरु | समुह | साधारण शेयरसंख्या | चुक्ता रकम(रु.) | पूँजी संरचना | भुक्तानीप्रतिशत |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनी | क | १,१२,५०,००० | १,१२,५०,००,०००/- | ७५% | शतप्रतिशत |
| २ | सर्वसाधारण शेयरधनी (स्थानिय) | ख | १५,००,००० | १५,००,००,०००/- | १०% | - |
| ३ | सर्वसाधारण शेयरधनी (कर्मचारीहरु समेत) | ख | २२,५०,००० | २२,५०,००,०००/- | १५% | - |
| | **जम्मा** | | **१,५०,००,०००** | **१,५०,००,००,०००/-** | **१००%** | |

*नोट : स्थानीय र सर्वसाधारणहरुलाई बिक्री गरिने शेयर रकम चुक्ता हुन बाँकी रहेकोछ ।*

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) :** शेयरप्रिमियम खाताको व्यवस्था हाल नरहेको।

**ग.५.संस्थापक/संचालक सम्बन्धी जानकारी :**

**ग.५.क. संस्थापक/संचालकको पृष्ठभूमी :**

**(क) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता,अनुभव, र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीको विवरण :**

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था भए अनुसार जारी पूँजीको २५% अर्थात रु.३७,५०,००,०००/- ( अक्षरेपी सैतिस करोड पचास लाख रुपैया मात्र) रकम बराबर प्रति शेयर अंकित मुल्य रु.१००/–को ३७,५०,००० कित्ता साधारण शेयर सर्वसाधारणहरुको निमित्त छुट्याईएको शेयर सर्वसाधारणहरुमा निष्काशन गरी लगानीकर्ताहरुलाई लगानीको अवसर दिनु तथा कम्पनीबाट निर्माणका लागि अगाडी सारिएका आयोजना माथिल्लो दोर्दी “ए” जलविद्युत आयोजना निर्माण सम्पन्न हुने क्रममा रहेको आयोजना यस कम्पनीको निर्माणधिन मुख्य आयोजना भएकोले सो लाई सम्पन्न गर्न पूंजीको आवश्यकता भएकोले यस निष्काशनको मुख्य उद्देश्य सो आयोजना सम्पन्न गर्नु रहेको सो देखि बाहेक बडिगाड खोला जलबिद्युत आयोजना र लोदो खोला साना जलविद्युत आयोजनाको सर्वेक्षण लगायतका सम्बन्धीत निकायहरुबाट लिनुपर्ने अनुमतीहरु लिने कार्य भईरहेकोले सो आयोजनाहरुको लागि समेत कम्पनीबाट लगानी गर्न सकिने उद्देश्य रहेको छ ।

**ग.१०.ख. धितोपत्र निष्काशनबाट प्राप्त पुँजीको उपयोग :**

**(क) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण :**

निष्काशनबाट प्राप्त हुने कूल रकमलाईदेहाय बमोजिम खर्च गरिनेछ :

| **धितोपत्र निष्काशनबाट प्राप्त हुने कुल रकम** | **रु. ३७,५०,००,०००/-** |
|---|---|
| **प्राप्त पूँजीको उपयोगः** | |
| १. नेपाल इन्भेष्टमेन्ट बैंक बाट लिईएको Loan against | रु.२०,००,००,०००/- |

| | |
|---|---|
| **IPOभुक्तानी गर्न** | |
| **२. माथिल्लो दोर्दी "ए" जलविद्युत आयोजनाको लागि भएको निर्माण खर्च बाँकी भुक्तानी गर्न** | रु. १७,५०,००,०००/- |
| **जम्मा** | रु. ३७,५०,००,०००/- |

**(ख) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा विक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्था** :यस विवरणपत्रबाट निष्काशित शेयरहरु स्थानिय बासिन्दाहरुबाट माग बमोजिम दरखास्त प्राप्त नभई शेयर बांकी रहन गएमा उक्त शेयरहरु सर्वसाधारणमा थप गरी निष्काशन गरिनेछ । त्यसैगरी सर्वसाधारणहरुबाट माग बमोजिम दरखास्त प्राप्त नभई शेयर बांकी रहन गएमा निष्काशित रकम ३७ करोड ५० लाख बराबरको शेयर खरिद गर्न प्रत्याभूती गरिसकिएको छ ।

**(ग) आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपका कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण** :यस कम्पनीबाट लमजुङ्ग जिल्लाको फलेनी र ढोडेनी गाउंपालिका स्थित स्थित दोर्दीखोलामा जलविद्युत आयोजना निर्माण भै अन्तिम चरणमा रहेको र उक्त निर्माण कार्य २०७६चैत्र महिना सम्ममा सम्पन्न गरी संचालनमा ल्याउने योजना रहेकोछ।

**(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति** :आयोजनाको निर्माण कार्य २०७६ चैत्र महिना सम्म सम्पन्न भई मिति २०७६ साल चैत्र ३० गतेबाटपूर्ण व्यवसायिक उत्पादन शुरु गर्ने योजना रहेको छ।

**(ङ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रास्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य मुख्य बूँदाहरु** : आयोजनाको लागि आवश्यक Neon energy Pvt. Ltd.रAndritz Hydro Pvt. Ltd.बाट खरिद गरिएको ईलेक्ट्रो मेकानिकल ईक्वीपमेन्टको मूल्यभारतिय रुपैयाँ ४५,७६,७८,०७७रहेकोछ ।

मिति Sept 2, 2016 रAug 2016मा Neon Energy Pvt. Ltd./Andritz Hydro Pvt. Ltd.सँग भएको सम्झौताको मुख्य मुख्य बुँदाहरु निम्न बमोजिम रहेका छन् ।

१) Andritz Hydro Pvt. Ltd. ले मुख्यत:Electromechanical Equipment उपकरणहरु आपुर्ति गर्नेछ रNeon Energy Pvt. Ltd.ले मुख्यत: Electrical Equipment उपकरणहरु आपुर्ति गर्नेछ ।

२) उक्त उपकरणहरु 31 March, 2020 सम्ममा आपुर्ति गरि जडान गरिसक्नु पर्नेछ ।

३) यसरी जडान गरिएका उपकरणहरु आयोजनाको RCODमितिले २ वर्ष सम्म मर्मत सम्भारको जिम्मा आपुर्तिकर्ता कम्पनीकै हुनेछ ।

**(च) कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण** :सो नभएको ।

**(छ) उत्पादन सम्बन्धी आयोजना भए सो को प्रकृति प्रयोगकर्ता प्रतिस्पर्धा लक्षित समूह, उत्पादन क्षमता विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण** :यो आयोजना २५ मेगावाटको लमजुङ्ग जिल्लाको फलेनी र ढोडेनी गाउंपालिकामा निर्माण भई रहेको जलविद्युत आयोजना भएकोले उक्त आयोजनाबाट उत्पादन हुने विद्युत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्न बिद्युत खरिद बिक्री सम्झौता समेत भैसकेको छ ।

**(ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलव्धता र त्यसको श्रोत** :लमजुङ्ग जिल्लाको फलेनी र ढोडेनी गाउंपालिका भई बग्ने दोर्दी खोलाको पानी ।

**(झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत**:लमजुङ्ग जिल्लाको फलेनी र ढोडेनी गाउंपालिका भई बग्ने दोर्दी खोलाको पानी ।

**(ञ) सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने ।**

(अ) निष्काशन तथा बिक्री प्रबन्धक – रु.१०,००,०००/-

(आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा) – निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।

(ई) प्रत्याभूतिकर्ता शुल्क – रु.३७,५०,०००/–

(इ) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क – नभएको ।

(उ) लेखापरिक्षकको शुल्क – प्रक्षेपित वित्तीय विवरण प्रमाणित गरे बापत रु. ५०,०००/- भुक्तानी गरिएको ।

(ऊ) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि)– संकलन केन्द्रहरुले रकम संकलन तथा फिर्ता भुक्तानी गरे बापत(स्थानीय बासिन्दा तथा सर्वसाधारणहरुलाई निष्काशन गरिने समेत) अन्य खर्चहरु विलको आधारमा भुक्तानी गरिने छ ।

**ग.१०.ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण:** सो नभएको ।

**ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा :** प्रिमियम शेयर जारी गर्ने नभएको ।

**ग.१०.ङ. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरणः**

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :**यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागी दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र बाँडफाँड सम्बन्धी निर्देशिकामा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

स्थानिय बासिन्दाहरुको लागि छुट्याईएको क्षेत्रहरु मध्ये लमजुङ्ग जिल्लाको दोर्दी गाँउपालिकाको वडा नं ६ र ७ (तत्कालिन फलेनी र ढोडेनी गा.वि.स.) बाट माग बमोजिमको दरखास्त प्राप्त नभएमा दोर्दी गाँउपालिकाका बाँकि सम्पूर्ण वडाबासी र वेशिसहर नगरपालिकाको वडा नं ११ का स्थानीय बासिन्दाहरुलाई र सो क्षेत्रका स्थानियहरुबाट पनि माग बमोजिम दरखास्त प्राप्त नभएमा लमजुङ्ग जिल्लाका सम्पुर्ण बासिन्दाहरुमा शेयर बांडफांट गरिनेछ । यसरी बाँडफाँट गर्दा समेत स्थानिय बासिन्दाहरुबाट माग बमोजिम दरखास्त प्राप्त नभई शेयर बांकी रहन गएमा उक्त शेयरहरु सर्वसाधारणमा थप गरी निष्काशन गरिनेछ ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्था:**शेयर विक्री बन्द भएको मितिले वोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयर बाँडफाँटको जानकारी र रकम फिर्ता भुक्तानीगरिनेछ ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :** धितोपत्र निष्काशनतथा बाँडफाँडनिर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँट गरी रकम फिर्ता भुक्तानी दिन नसकिएमासोहि निर्देशिकामा भएको व्यबस्था बमोजिमशेयरबिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ ।

(घ) **धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधी:**निष्काशन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँड सम्वन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी आवेदकले दरखास्त फाराममा उल्लेख गरेको हितग्राही खातामा अभौतिक रुपमा शेयरजम्मा गरिनेछ ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरणः**सो नभएको ।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अढनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण** :निष्काशन गरिने साधारण शेयरको बाँडफाँड पश्चात धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका,२०७४ मा भएको व्यवस्था अनुसार निर्धारित अवधिभित्र सर्वसाधारणलाई सार्वजनिकनिष्काशन गरिने धितोपत्रसूचिकरण गराई शेयर खरिद/बिक्रीको व्यवस्था मिलाइने छ साथैसूचिकरण पश्चात उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुलाई निष्काशन गरिएको साधारण शेयरतोकिएको समयावधी सम्म खरिद बिक्री गर्न नमिल्ने गरी हितग्राही खातामा जम्मा गर्ने व्यवस्था मिलाइने छ ।

**ग.१०.च. प्रत्याभूति सम्बन्धी विवरणः**

(क) **धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**

१. प्रत्याभुति गर्ने संगठित संस्थाको नाम : श्री प्रभु क्यापिटल लिमिटेड,

२. ठेगानाःकमलादी, काठमाडौं ।

३. यस विवरण-पत्रद्वारा निष्कासन तथा बिक्री गरिने साधारण शेयरहरु विक्री नभएमा कमलादी, काठमाडौं स्थित मर्चेन्ट वैकरको रुपमा दर्ता भएको श्री प्रभु क्यापिटल लिमिटेडवाट ३७,५०,००० थान (स्थानीय बासिन्दा तथा सर्वसाधारणहरु समेत) शेयर जम्मा रु.३७,५०,००,०००/– को शेयर प्रत्याभुती गरिएको छ ।

(ख) **धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु :**

१. धितोपत्र निष्काशन तथा बांडफांट निर्देशिका,२०७४ बमोजिम कुल निष्काशनको शत्प्रतिशत अर्थात ३७,५०,००० (स्थानीय बासिन्दा तथा सर्वसाधारणहरु समेत) कित्ता साधारण शेयरहरु प्रत्याभुती गरिएको छ।

२.कुल प्रत्याभुती शेयरहरुको लागि प्रत्याभुति शुल्कको पचास प्रतिशतले हुन आउने रकम रु. १८,७५,०००/- सम्झौता भएको ३० दिनभित्र भुक्तानी गरिएको छ ।बांकी रकम विवरणपत्र स्वीकृत भएको ७ दिन भित्र भुक्तानी गरिनेछ ।

३. प्रत्याभुतीकर्ताको दायित्व प्रत्याभुती गरिएको शेयरहरुमा मात्र सिमित हुनेछ ।

४. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा प्रत्याभुतीकर्ताले प्रत्याभुतीत कित्ता शेयरहरु सम्म सिमित हुने गरी खरिद गर्ने सहमति जनाएको छ ।

५. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री भएको खण्डमा सम्झौतापत्र स्वतः खारेज हुनेछ ।

६. प्रत्याभुती सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून तथा प्रत्याभुति सम्बन्धी सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**ग.१०.छ. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको बाँडफाँटमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यबस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यबस्थाहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय, वडा नं.२९, कालिकास्थान, काठमाण्डौं वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेडको कार्यालय, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि सर्वसाधारणहरुले दरखास्त दिँदा कम्तीमा १०(दश) कित्तासाधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० (दश) कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम २,००,००० (दुई लाख) कित्तासाधारण शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु :**

१. धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७३ को दफा २२ को उपदफा १ बमोजिम आयोजना प्रभावित, कर्मचारी वा संस्थापकको रुपमा वा अन्य कुनै प्रकारबाट प्रारम्भिक सार्वजनिक निष्काशन गर्नु पुर्व सङ्गठित संस्थाको शेयर प्राप्त गरेको शेयरधनी तथा संस्थापक शेयरधनीका एकाघरको सदस्यले यस निष्काशनमा आवेदन दिन पाइने छैन ।

२. सर्वसाधारण लगानीकर्ताहरुको हकमा सि-आस्वा (C–ASBA) प्रणाली मार्फत मात्र आवेदन दिन सकिने व्यवस्था भएको हुंदा आफ्नो खाता रहेको बैंक तथा वित्तिय संस्था मार्फत वा हाल सिडिएससी (CDSC) ले प्रयोगमा ल्याएको मेरो शेयर (MERO SHARE) मार्फत शेयर खरिदका लागि आवेदन गर्न सकिनेछ ।

३. सि-आस्वा (C–ASBA) प्रणाली बाहेकबाट आवेदन दिन चाहने आयोजना प्रभावित क्षेत्र लमजुङ्ग जिल्लामा स्थायी बसोवास गर्ने स्थानीय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन्:

क) आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्यरुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी उद्योग प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।

ख) १६ बर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्यरुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ । स्थानीयको बारेमा कुनै विवाद आएमासम्बन्धीत न.पा./गा.वि.स.का वडा कायालयले सिफारिस गरेको हकमा निजलाई स्थानीयको रुपमा मान्यता दिइनेछ ।

ग) १६ बर्ष भन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्वाराअनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।

घ) विवाह भै आएका महिलाका हकमा विवाहदर्ताप्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ ।

ङ) बसाईंसराई गरि आएको हकमा बसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ ।

च) माथि उल्लेखित हुन छुटेका लमजुङ्ग जिल्लामा स्थायी बसोबास गर्ने बासिन्दाहरुवा वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित न.पा./गा.वि.स.कोसर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला विकास समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र संलग्न गर्नु पर्नेछ ।

छ) १६ बर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरीलमजुङ्ग जिल्लाछोडी अन्य जिल्ला गएका महिला एवं जिल्ला छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।

ज) आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।

झ)धितोपत्र खरिद गर्नका लागी दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागी दरखास्त बुझाउनु पर्नेछ ।

ञ) आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सवै स्पष्टरुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।

ट) एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनुपर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।

ठ) साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ ।

ड) सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममाखुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा **Clearing House**को सदस्य भएको बैंक वावित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।

ढ) रु.५०,०००/-भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।

ण) रु.१० लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.१० लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान नम्बर **(PAN No)**दरखास्त फारममा खुलाउनु पर्नेछ।

**ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न ब्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको ब्यक्ति : कारोबार नभएको ।

(ख) आधारभूत शेयरधनी : कारोबार नभएको ।

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य : कारोबार नभएको ।

(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : सो नभएको ।

(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा : कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : ऋण कारोबार गरेको छैन ।

**ग.१२. विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** कम्पनीमा विदेशी लगानी र विदेशी व्यबस्थापनमा नरहेको ।

**ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा देहायको विवरण उल्लेख गर्नु पर्ने :**

**(क) संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्याः** निष्काशनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको ।

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :** नभएको ।

**ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :** हाल सम्म कुनै सार्वजनिक निष्काशन नगरिएको ।

**ग.१५. परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरण:**

**(क)लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

अ) यस कम्पनीको लेखापरिक्षकमा चार्टर्ड एकाउन्टेण्ट संस्था के.एस.डि.वि. एण्ड एसोसियट्स, चार्टड एकाउन्टेन्ट्स रहेकोछ ।

आ) यस निष्काशनको लागि प्रमुख बैंकको व्यवस्था गरिएको छैन ।

इ) यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक **(Banker to the Issue)** को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्काशन बैंकको नाम, ठेगाना |
|---|---|
| १. | श्री नेपाल इन्भेष्टमेण्ट बैंक लि., दरवारमार्ग, काठमाण्डौं । |

साथै आवश्यकता अनुसार निष्काशनबन्द हुनु अगावै वोर्डलाई जानकारी दिई अन्य बाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

ई) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको जलविद्युत बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनीचार्टर्ड एकाउण्टेण्ट संस्थाश्री देव एसोसियट्स्का चार्टड एकाउण्टेण्ट श्री रजनीश दाहालले प्रमाणित गरेको छ ।

**(ख)माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु**ः सो नभएको ।

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण:** यो आयोजना निर्माण गर्नका लागि संस्थापक शेयरधनीहरुको स्वःलगानी तथा नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको अगुवाईमा नेपाल बैंक, ग्लोवल आईएमई बैंक, सेञ्चुरी बैंक, राष्ट्रिय बाणिज्य बैंक, प्रभु बैंक, एन.एम. बि बैंक, लुम्बिनी विकास बैंक, देव विकास वैंक लिमिटेडहरुबाट सहवित्तियकरण ऋण व्यवस्थापन गरिएको छ ।

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणाःसो नभएको।

(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरणःसो नभएको ।

(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने : सो नभएको ।

(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरुः सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्रसम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथाबिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । कुनै पनि लगानीकर्ताले यस निष्काशनसँग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि प्रमुख-निष्काशन व्यवस्थापन श्री राम कुमार महतलाई नीज कै कार्यकक्षमा वा निजलाई कार्यालय समयभित्र ४००५०८० (एक्सटेन्सन ४४४) मा सम्पर्क गर्न सकिनेछ ।

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरणः**हालसम्म कम्पनीले ऋणपत्र जारी गरिएको छैन ।

**ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण :**सो नभएको ।

**ग.२२. अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :**कम्पनीको वित्तिय विवरण प्रक्षेपण विगत बर्षको कारोबारको आधारमा निष्काशन श्री के.एस.डि.वि.एण्ड एसोसियट्स, चार्टड एकाउन्टेन्ट्स श्री श्रीकृष्ण थापा मगरले तयार गर्नु भएको हो । उक्त वित्तिय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि श्री देव एसोसियट्सका चार्टड एकाण्टेण्ट श्री रजनीश दाहालले गर्नु भएको हो ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**

| सि.नं. | परिवर्तन भएको संचालक/लेखापरीक्षकको नाम | परिवर्तन भएको कारण | राजिनामा स्वीकृत /बहाल अवधि समाप्त भएको मिति |
|---|---|---|---|
| १. | देव एसोसियट्स चार्टड एकाउन्टेन्टस् | तीन आर्थिक वर्ष पुरा भएको | आ.व ०७४/७५ सम्म |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

दोलखा जिल्ला, भिमेश्वर नगरपालिकावडा नं. ३ निवासी व्यवस्थापनमा स्नातकोत्तर शैक्षिक योग्यता हासिल गरी,जलविद्युत क्षेत्रमा करिब ७ वर्षको कार्य अनुभव भएका श्री ध्रुव कुमार श्रेष्ठ यस कम्पनीको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ ।

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

कम्पनीको मिति २०७५/१२/०३ गते बसेको संचालक समितिको बैठकबाट सर्वसाधारणको लागि छुट्टाइएको ३७ करोड ५० लाख रुपैयां रकम बराबर प्रति शेयर रु.१००/– अंकित मुल्यको ३७,५०,००० (सैतिस लाख पचास हजार) कित्ता साधारण शेयर मध्ये धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही जारी पूंजीको १०%अर्थात रु.१५,००,००,०००/– रकम बराबरको रु.१००/–अंकित दरको १५,००,००० कित्ता शेयर उद्योग प्रभावित स्थानियबासीको लागि र बांकी १५% अर्थात रु.२२,५०,००,०००/– रकम बराबरको रु.१००/– अंकित दरको २२,५०,००० कित्ता (कर्मचारीहरुलाई २% अर्थात ४५,००० कित्ता तथा सामूहिक लगानी कोषहरुलाई ५% अर्थात १,१२,५०० कित्ता समेत) सर्वसाधारणहरुमा निष्काशन गरिने निर्णय गरिएको छ । साथै सो कार्यको लागि एनआईबिएल एस क्यापिटल लिमिटेड., लाजिम्पाट, काठमाण्डौंलाई धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नियुक्त गर्ने निर्णय गरेकोछ ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण** : सो नभएको ।

**(च)संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, वडा नं.२९, कालिकास्थान, काठमाण्डौं ।

२. धितोपत्रनिष्काशन तथा बिक्री प्रबन्धक श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौं ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन। भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

१) यस विवरणपत्र मार्फत निष्काशन गरिने ३७,५०,००० (सैतिस लाख लाख पचास हजार) कित्ता साधारण शेयरमध्ये १५,००,००० कित्ता आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) लमजुङ्ग जिल्लाका स्थानीय बासिन्दाहरुका लागि निष्काशन गरिनेछ ।

२) यस विवरणपत्र मार्फत निष्काशन गरिने ३७,५०,००० (सैतिस लाख लाख पचास हजार) कित्ता साधारण शेयर मध्ये २२,५०,००० कित्ता(कर्मचारीहरुलाइ२% अर्थात ४५,००० कित्ता तथा सामूहिक लगानी कोषहरुलाई ५% अर्थात १,१२,५०० कित्ता समेत) सर्वसाधारणहरुमा निष्काशन गरिनेछ ।

३) यस विवरणपत्र मार्फत स्थानिय बासिन्दाहरुलाई निष्काशन गरिने साधारण शेयर सबै बिक्री हुन नसकी बाँकी रहेमा त्यस्तो बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुलाई थप गरी बिक्री गर्न सकिनेछ ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरू आफूले गर्ने व्यवसायसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्णरुपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायरा भित्र रहि कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरू समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरण गर्न आयोजना प्रभावित क्षेत्र तथा सर्वसाधारण दुवैको लागि नेपाल धितोपत्र बोर्डको आस्वा प्रणलीमा आवद्ध बैंक तथा वित्तीय संस्था मार्फत सि-आस्वा (C-ASBA) प्रणालीबाट आवेदन दिन सकिने व्यवस्था भएको हुंदा आफ्नो खाता रहेको बैंक तथा वित्तिय संस्था मार्फत वा हाल सिडिएससी (CDSC) ले प्रयोगमा ल्याएको मेरो शेयर (MERO SHARE) मार्फत शेयर खरिदका लागि आवेदन गर्न सकिनेछ । सो देखि बाहेक आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) का बासिन्दाहरुको हकमा लमजुङ्ग जिल्लामा कम्तिमा तीन संकलन केन्द्रको थप व्यवस्था गरी आवदेन फारम तथा विवरणपत्र वितरण र आवेदन फारम सहित दरखास्त रकम बुझिलिने व्यवस्था गरिनेछ ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यबस्था :**

यस विवरणपत्र अनुसार सर्वसाधारणहरुमा निष्काशन गरिने साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लिमिटेड, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई "इक्रा एनपि आईपिओ ग्रेड ४" प्रमाणपत्र प्राप्त गरेको छ । इक्रा नेपाल लि. ले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलियो आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ ।"इक्रा एनपि आईपिओ ग्रेड ४" ले औसत भन्दा कमजोर (Below Average Fundamental) आधारहरु जनाउँदछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

(ठ) **विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण** :यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटललिमिटेड, लाजिम्पाट, काठमाण्डौं रहेकोछ।

(ड) **सकारात्मक पक्षहरु :**

१) आयोजनाबाट प्राप्त हुने आयमा १० बर्ष सम्म आयकर छुट तथा सो पश्चात ५ बर्षको लागि ५० प्रतिशत आयकर छुट प्राप्त भएको हुँदा लाभाशं दर बढी रहेको ।

२) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।

३) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

(ढ) **धितोपत्रदर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ९ को उपनियम ३ का ब्यबस्थाहरु देहाय बमोजिम रहेको छ :**

(१) **कम्पनी आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि अवश्यकता कार्यहरु अगाडि बढाई एक बर्षको अवधि पूरा गरेको** :मिति २०६६/०८/१५ गते देखि कम्पनीले आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्दै आइरहेकोले ९ बर्षको अवधि पूरा गरिसकेको ।

(२) **प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारण सभा सम्पन्न गरेको**:यस कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम साधारण सभा गर्दै आइरहेको र मिति २०७६/०९/११ गते सम्पन्न दशौं बार्षिक साधारण सभाबाट आ.ब. ०७६/७७ का लागी चार्टर्ड एकाउण्टेण्ट संस्था श्री के.एस. डि. वि. एण्ड एसोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्सलाई कम्पनीको लेखापरिक्षक नियुक्त गरिएको ।

(३) **आफ्नो उद्देश्य अनुसार कारोवार सञ्चालन गर्नका लागि प्रचलित कानुन बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिइसकेको:** यस कम्पनीले विद्युत विकास बिभागबाट मिति २०७१/०१/२४ गतेका दिन विद्युत उत्पादन अनुमति पत्र प्राप्त गरी कार्य गर्दै आइरहेको ।

(४) **संगठित संस्थाको लागि अवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन गोदामघर तथा अन्य आवश्यक सुविधाहरु निर्माण कार्य शुरु गरिसकेको:** यस कम्पनीले आयोजना स्थलमा आवास गृह, कार्यालय भवन, पहुँच मार्ग आदि तयार पारी आयोजना निर्माण अन्तिम चरणमा पुऱ्याईसकेको ।

(५) **उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि अवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गर्नुपर्ने भएमा टेण्डर आदी गरी खरिद प्रक्रिया अगाडि बढाइसकेको:** यस कम्पनीको लागि आवश्यक पर्ने इलेक्ट्रोमेकानिकल उपकरण तथा त्यसका पाटपुर्जा आदिAndritz Hydro Pvt.Ltd. रNeon Energy Pvt. Ltd.बाट खरिद गरिसकेको र हाल जडान कार्य भईरहेको ।

(६) **धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसंग सम्झौता भईसकेको:** निष्काशन कम्पनी र निष्काशन तथा बिक्री प्रबन्धक विच धितोपत्र निष्काशन सम्बन्धी सम्झौता भईसकेको ।

(७) **आयोजना निर्माण अवधिभर कम्पनीको ऋृण र पुँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको:**यस कम्पनीले आयोजना निर्माण अवधिभर कम्पनीको ऋृण र पुँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको ।

(८) **संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम शत प्रतिशत चुक्ता भैसकेको:** संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम रु.१,१२,५०,००,०००/- (अक्षरेपी एक अर्व बाह्र करोड पचास लाख मात्र) शत प्रतिशत चुक्ता भैसकेको र सो को अभिलेख कम्पनी रजिष्ट्रारको कार्यालयमा समेत भैसकेको ।

(९) **परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर भैसकेको:** यस कम्पनीले निर्माण गर्दै आइरहेको माथिल्लो दोर्दी ए जलविद्युत आयोजना निर्माण गर्नका लागि नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको अगुवाईमा नेपाल बैंक, ग्लोवल आईएमई बैंक, सेञ्चुरी बैंक, राष्ट्रिय बाणिज्य बैंक, प्रभु बैंक, एन.एम. बि बैंक, लुम्बिनी विकास बैंक, देव विकास वैंक लिमिटेडहरु समेतको संलग्नतामा मार्च १३, २०१४ गतेका दिन फाइनान्सियल क्लोजर भैसकेको ।

(१०)**जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको:**यस कम्पनीले नेपाल विद्युत प्राधिकरणसँग मिति २०६९/०६/०२ गतेका दिन विद्युत खरिद सम्झौता गरिसकेको ।

(११)**सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको:** यस कम्पनीले सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिमसम्झौता गरी प्रत्याभुति गराएको ।

(ण) **शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था** :नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको संचालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ।

(त) **धितोपत्र बिक्री खुल्ला अवधि :**
यस विवरणपत्र मार्फत उद्योग प्रभावित क्षेत्र लमजुङ्ग जिल्लाका वासिन्दाहरुमा निष्काशन गरिने साधारण शेयरको लागि आवेदन दिने अवधि कम्तीमा १५ दिन र बढीमा ३० दिन खुल्ला रहनेछ । उद्योग प्रभावित क्षेत्र लमजुङ्ग जिल्लाका वासिन्दाहरुलाई जारी गरिएको शेयर बाँडफाँड भएको मितिले ३ दिन भित्र सर्वसाधारणका लागि शेयर निष्काशन खुल्लाको लागि आह्वानपत्र प्रकाशित गरिनेछ । सर्वसाधारणको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन र वढीमा १५ दिन हुनेछ ।

**ग.२३. यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | कुशकुमार जोशी,<br>चैनपुर-२, संखुवासभा । | अध्यक्ष | |
| २. | डा. आत्माराम घिमिरे,<br>झरुवारासी-३, ललितपुर । | संचालक | |
| ३. | शुसिल थापा,<br>अर्खले-६, गुल्मी । | संचालक | |
| ४. | राम बहादुर पाण्डे,<br>बसन्तपुर-८, तनहुं । | संचालक | |
| ५. | राजेन्द्र वस्ती,<br>उदिपुर-२ लमजुङ्ग | संचालक | |

### ३.२४ निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :

NIBL ACE CAPITAL
Managing shares. Managing investments.

Ref: 2475/075/076

मिति: २०७६/०१/१५

श्री नेपाल धितोपत्र बोर्ड,
संस्थागत वित्त विभाग,
जावलाखेल, ललितपुर ।

**विषय : धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध बारे ।**

महोदय,

बागमती अञ्चल, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, वडा नं. २९, कालिकास्थान ठेगाना भएको लिबर्टी इनर्जी कम्पनी लिमिटेडले सर्वसाधारणहरुका लागि जारी गर्न लागेको रु.१,००/- दरको ३७,५०,००० (सैंतिस लाख पचास हजार) कित्ता शेयर निष्काशन गर्नको लागि निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन यस कम्पनी मञ्जुर गर्दछ । सर्वसाधारणहरुलाई शेयर जारी गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्बद्ध कानूनमा भएको व्यवस्था अनुसार शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. संगठित संस्थाको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. धितोपत्र कारोबार नियमावली अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा निष्काशनकर्ता कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो ऐन अन्तर्गत बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको धितोपत्र सूचिकरण विनियमावली, २०५३ बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. सर्वसाधारणलाई विवरणपत्र सरल तरीकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशन कम्पनी संग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।

५. त्यस बोर्डबाट जारी गरिएको धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिकामा उल्लेखित सबै कुराहरु अध्ययन गरि सो निर्देशिकाको व्यवस्थाहरु संग अनुरुप हुने गरी सम्बन्धित कम्पनी/संगठित संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएको छ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक तर्फबाट

**एनआईबिएल एस क्यापिटल लिमिटेड**

नाम : मेख बहादुर थापा

पद : महाप्रबन्धक

सही :

कार्यालयको छाप : NIBL ACE CAPITAL Managing shares. Managing investments. Kathmandu, Nepal

NIBL ACE CAPITAL LIMITED
एनआईबिएल एस क्यापिटल लिमिटेड
P.O. Box 23224, Lazimpat, Kathmandu
T : +977-1-4425281, 4419421, 4425280
F : +977-1-4005084

३.२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

**K.S.D.B & Associates**
**Chartered Accountants**

श्री लिवर्टी इनर्जी कम्पनी लिमिटेडको
सञ्चालक समिति समक्ष

**श्री लिवर्टी इनर्जी कम्पनी लिमिटेड व्यवस्थापनले तयार गरेको प्रक्षेपित वित्तीय विवरणमाथि धितोपत्र निष्काशन तथा नियमावली २०७३ बमोजिमको प्रतिवेदन**

हामीले आ.ब. २०७६/७७, २०७७/७८ , २०७८/७९ र २०७९/८० को लागि व्यवस्थापनबाट तयार गरिएको प्रक्षेपित वित्तीय विवरणमाथि राय व्यक्त गर्ने सम्बन्धी प्रचलित लेखापरीक्षणमान (NSAE- 3400) अनुसार श्री लिवर्टी इनर्जी कम्पनी लिमिटेड व्यवस्थापनले तयार गरेको प्रक्षेपित वित्तीय विवरण जाँच गरेका छौं ।

प्रक्षेपित वित्तीय विवरण तयार गर्दा प्रयोग भएका वित्तीय विवरणमा संलग्न उल्लिखित पूर्वधारणा (assumptions) लगायत प्रक्षेपित वित्तीय विवरण तयार गर्ने दायित्व श्री लिवर्टी इनर्जी कम्पनी लिमिटेडको व्यवस्थापनमा रहेको छ । प्रस्तुत प्रक्षेपित वित्तीय विवरणहरु सर्वसाधारणमा पहिलो शेयर निष्काशन (IPO) गर्ने प्रयोजनका लागि कम्पनी ऐन २०६३, धितोपत्रसम्बन्धी ऐन २०६३ तथा धितोपत्र निष्काशन तथा नियमावली २०७३ को कानुनी परिपालना गर्ने सन्दर्भमा विवरणपत्र (prospectus) बनाउन व्यवस्थापनबाट तयार गरिएको हो । यस्तो प्रक्षेपित वित्तीय विवरण अन्य प्रयोजनको लागि प्रयोग गर्न उपयुक्त नहुन पनि सक्दछ ।

व्यवस्थापनले बनाएको पूर्वधारणालाई जाँच गर्दा प्राप्त तथ्य/प्रमाणको आधारमा:

१. आ.व. २०७६/७७, २०७७/७८ , २०७८/७९ र २०७९/८० को प्रक्षेपित वित्तीय विवरण तयार गर्न प्रयोग भएका पूर्वधारणाहरु उचित छैनन् भन्ने लाग्ने गरी कुनै तथ्य/प्रमाणहरु हामीले फेला पार्न सकेनौं । त्यस्तै, हाम्रो रायमा प्रक्षेपित वित्तीय विवरण व्यवस्थापनले बनाएको पूर्वधारणामा आधारित छन् र यस्तो वित्तीय विवरण व्यवस्थापनको अनुमान (best estimate) पूर्वधारणाको आधारमा प्रस्तुत गरिएको छ ।

२. प्रस्तुत प्रक्षेपित वित्तीय विवरणसँग संलग्न आ.व. २०७२/७३, २०३/७४ , २०७४/७५ र २०७५/७६ को वित्तीय विवरणहरु कम्पनीको बाह्य लेखापरीक्षकले प्रमाणित गरेका विवरणहरु हुन् र ती आ.व. का लागि लेखापरीक्षित अंकहरु नै संलग्न विवरणमा समावेश गरिएका छन् ।

३. आ.व. २०७६/७७ दोश्रो त्रैमासिक सम्मको सन्दर्भमा ती विवरणहरु लेखापरीक्षण गरिएका वित्तीय विवरण नभएको र त्यस्ता विवरणहरु कम्पनीको वास्तविक कारोबारको आधारमा कम्पनी व्यवस्थापनले तयार गरी प्रमाणित गरेको आधारमा संलग्न गरिएको छ । संलग्न वित्तीय अंकहरुको यथार्थताको सन्दर्भमा छुट्टै लेखापरीक्षण गरिएको छैन, र व्यवस्थापनले प्रमाणित गरेको आधारमा प्रमाणित गरिन्छ ।

४. आ.व. २०७६/७७, २०७७/७८ , २०७८/७९ र २०७९/८० को प्रक्षेपित वित्तीय विवरणसँग सम्बन्धित व्यवस्थापनले बनाएको पूर्वधारणाअनुरुपका घटनाहरु परिघटित भएको अवस्थामा पनि, त्यस्ता घटनाहरु प्रक्षेपणभन्दा फरक तरीकाले घट्न सक्ने कारण आगामी वर्षहरुमा प्राप्त हुने वास्तविक परिणाम प्रक्षेपणभन्दा सारभूतरुपमा फरक पर्न सक्दछ ।

सिए. श्री कृष्ण थापा मगर
के.एस.डी.बी. एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्ट्स
मिति: २०७६/१०/२४
स्थान: बुद्धनगर, काठमाडौं ।

Buddhanagar (Maddhyamarg), Kathmandu, Nepal Tel: 01-4785371 Email: contact.ksdb@gmail.com